आज मिति २०८२।१२।०८ गते आइतबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री श्री गणेशबहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री गणेशबहादुर के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डोल्मामाया गोले | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री रामप्रसाद घिमिरे | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री जोनिकुमार न्यासुर | २ नं. वडा अध्यक्ष एवम् गा.पा.प्रवक्ता |
| ५ | | श्री मनोजकुमार पराजुली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री कृष्णप्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री भूमिनन्द घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री विनोद चौरेल | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री देविमाया लामा | कार्यपालिका सदस्य |
| १० | | श्री मन्दिरा तिमल्सिना (घिमिरे) | कार्यपालिका सदस्य |
| ११ | | श्री रेनुका सञ्जेल | कार्यपालिका सदस्य |
| १२ | | श्री लक्ष्मी सञ्जेल | कार्यपालिका सदस्य |
| १३ | | श्री गुप्तबहादुर ब्राह्मु | कार्यपालिका सदस्य |
| १४ | | श्री चित्रकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १५ | | श्री सन्दिप न्यौपाने | सदस्य-सचिव |

**अन्य उपस्थितिः**

श्यामबहादुर खनाल, वरिष्ठ शाखा अधिकृत, अधिकृतस्तर आठौं

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटिखेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७४

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक सङ्ख्याः **६८ औं**

अध्यक्षताः **श्री गणेशबहादुर के.सी.**

बैठक मितिः **२०८२।१२।०८**

बैठक स्थानः **महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर।**

बैठक समयः **बिहान ८:०० बजे**

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८२।१२।०८ | ८:०० बजे | योजना संशोधन सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | १ |
| २०८२।१२।०८ | ८:१० बजे | मूल्याङ्कन समितिको निर्णय अनुमोदन सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | २ |
| २०८२।१२।०८ | ८:२० बजे | स्वरोजगारका लागि प्रविधि हस्तान्तरण (अटो सञ्चालन सम्बन्धमा) | महिला बालवालिका तथा ज्येष्ठ नागरिक एकाइ | ३ |
| २०८२।१२।०८ | ८:३० बजे | चौमासिक खर्च सार्वजनिकीकरण सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | ४ |
| २०८२।१२।०८ | ८:४० बजे | ललितपुर महानगरपालिकाको अनुदान सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ५ |
| २०८२।१२।०८ | ८:५० बजे | सुशासन तथा संस्थागत विकास समितिको पुन:गठन सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | ६ |
| २०८२।१२।०८ | ९:०० बजे | आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | ७ |
| २०८२।१२।०८ | ९:१० बजे | लेखा समितिको निर्णय अनुमोदन सम्बन्धमा | आर्थिक प्रशासन शाखा | ८ |
| २०८२।१२।०८ | ९:२० बजे | शिक्षा समितिको सदस्य मनोनयन सम्बन्धमा | शिक्षा, युवा तथा खेलकुद शाखा | ९ |
| २०८२।१२।०८ | ९:३० बजे | एक्साभेटरको भाडा दर अनुमोदन सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | १० |
| २०८२।१२।०८ | ९:४० बजे | डिजेल खपतको विवरण अनुमोदन सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | ११ |
| २०८२।१२।०८ | ९:५० बजे | विविध | | १२ |

गणेश बहादुर के.सी.
अध्यक्ष

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

महाशान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोठीखेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

# बैठक निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी

**कार्यपालिकाको बैठक नं. ६८ र मिति: २०८२।१२।०८**

**निर्णयको विषय:**

**निर्णयको विषयमा रहेको असहमति:**

**<u>असहमति व्यक्त गर्ने पदाधिकारीको विवरण:</u>**

**दस्तखत:**

**नाम:**

**पद:**

आज मिति २०८२।१२।०८ मा बसेको कार्यपालिका बैठकमा असहमतिको टिप्पणी पेश नभएको प्रमाणित गरिन्छ ।

सन्दिप [illegible]
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर [illegible]
अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८२।११।२८ मा बसेको ६७ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८२।१२।०८ मा बसेको ६८ औं कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** आ व २०८२/०८३ का लागि २०८२ असार १० गते गाउँ सभामा पेश भइ स्वीकृत भएका तपसिल बमोजिमका योजनाहरु संशोधन गर्नका लागि हिउँदे गाउँ सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**तपसिल:**

**गाउँपालिका तर्फ**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | क्र.स. | संशोधन भई कायम हुने योजनाको नाम | रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. १ कार्यालयको लागि जग्गा खरिद | २५ लाख | १ | वडा नं. १ वडा कार्यालय भवन मर्मत | २० लाख | |
| | | | २ | श्री सरस्वती आ.वि. वाल निर्माण | ५ लाख | |
| २ | ६ वटै वडामा आमा सुरक्षा कार्यक्रम | २ लाख ८० हजार | ३ | किशोर किशोरी मैत्री स्वास्थ्य संस्था सञ्चालनको लागि | ३० हजार | |
| | | | ४ | दीर्घरोगी तथा नसर्ने रोगहरुको लागि औषधी खरिद | २ लाख ५० हजार | |
| ३ | नमुना कृषि फर्म सञ्चालन (गाउँपालिका) | ३ लाख | ५ | च्याउ खेती अनुदान | ३ लाख | |
| ४ | समुदाय प्रहरी साझेदारी कार्यक्रम | ५० हजार | ६ | कर्मचारी कल्याण कोष | ५ लाख | |
| ५ | घुम्ती सेवा सञ्चालन तालिम | ५० हजार | ७ | भ्रमण खर्च | २ लाख | |
| ६ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ५० हजार | ८ | करार सेवा शुल्क | ३० लाख | |
| ७ | अनुगमन मूल्याङ्कन | २ लाख ५० हजार | | | | |
| ८ | अन्तरपालिका समन्वय बैठक तथा भ्रमण खर्च | १ लाख | | | | |
| ९ | अन्य भत्ता, खाजा, फिल्ड अन्य सुविधा | ३२ लाख | | | | |

प्रमुख प्रशासकीय अधिकृत

गजेश बहादुर के.सी.
अध्यक्ष

**वडा नं. १**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | क्र.स. | संशोधन भई कायम हुने योजनाको नाम | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | बुखेल झूलेङ्गे पुलमुनी र छयासिङ खोला उकालो मोटरबाटो ढलान निर्माण | रू. ८ लाख | १ | छयासिङ खोला उकालो मोटरबाटो निर्माण ढलान | रू. १० लाख | |
| २ | विविध तथा भैपरी | रु. २ लाख | | | | |
| ३ | सोलिथुम पानी ट्याङ्कीदेखि थुम्का मोटरबाटो निर्माण | रू. २ लाख | २ | सोलिथुम पानी ट्याङ्कीदेखि थुम्का मोटरबाटो निर्माण | रू. ३ लाख | |
| ४ | वडास्तरीय खेलकुद व्यवस्थापन | रु. १ लाख | | | | |
| ५ | वडा कार्यलय भवन निर्माण | रू. २० लाख | ३ | बुखेल खोला नियन्त्रण | रू. ५ लाख | |
| | | | ४ | रुपेशको घरजाने बाटो तारजाली निर्माण साविक वडा नं. ३ | रू. १ लाख ५० हजार | |
| | | | ५ | चमेरो गुफा मोटरबाटो निर्माण | रू. ७ लाख | |
| | | | ६ | लामिडाँडा मोटरबाटो निर्माण | रू. ५ लाख ५० हजार | |
| | | | ७ | पाइप खरिद | रू. १ लाख | |

**वडा नं. २**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | क्र.स. | संशोधन भई कायम हुने योजनाको नाम | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | उन्नत जातको बीउ बिजन खरिद तथा वितरण | रु. २ लाख | १ | रिगिनडाँडा खानेपानी इन्टेक निर्माण तथा मर्मत | रू. २ लाख | |
| २ | कतवन भञ्ज्याङ विद्यालय आउने सिँढी निर्माण तथा सडक मर्मत | रू. १ लाख ५० हजार | २ | मुल सडक ठोस्ने खोला सार्वजानिक शौचालय निर्माण | रू. १ लाख ५० हजार | |
| ३ | रिगिनखर्क युवा कृषक समूहको सामुदायिक ट्रस भवन | रु. १ लाख ५० हजार | ३ | कम्राङ रिमितेडाँडा खानेपानी पाइप खरिद | रु. १ लाख | |
| | | | ४ | कम्राङ गाउँ खानेपानी मर्मत | रू. ५० हजार | |
| ४ | पशु परजिवी विरुद्धको औषधी खरिद वितरण | रु. १ लाख ५० हजार | ५ | पशु परजिवी विरुद्धको औषधी खरिद वितरण | रु. २ लाख ५० हजार | रु. १ लाख युवा लक्षित उद्यमी तथा पेसाकर्मी सम्मान कार्यक्रम |
| ५ | युवा लक्षित उद्यमी तथा पेसाकर्मी सम्मान कार्यक्रम | रू. १ लाख ५० हजार | | - | - | - |

सन्द्रिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | महिला स्वास्थ्य सेविका अध्ययन अवलोकन भ्रमण | रु. २ लाख | ६ | महिला स्वास्थ्य स्वयम् सेविका अध्ययन अवलोकन भ्रमण | रु. २ लाख ५० हजार | रु. ५० हजार युवा लक्षित उद्यमी तथा पेसाकर्मी सम्मान कार्यक्रम |
| ७ | ज्येष्ठ अशक्त नागरिक स्वास्थ्य परिक्षण घुम्ती सेवा | रु. १ लाख ५० हजार | ७ | Village Profile निर्माण | रु. २ लाख ५० हजार | रू. १ लाख कतवन भञ्ज्याङ बिमिरेचौर सडक ढलान |
| ८ | कतवन भञ्ज्याङ बिमिरेचौर सडक ढलान | रू. ४ लाख | ८ | कम्प्राङ कतवन बिमिरेचौर सडक स्तरोन्नती | रू. १० लाख | रु. ३ लाख कतवन भञ्ज्याङ बिमिरेचौर सडक ढलानबाट रु. ७ लाख विविध खर्च शीर्षकबाट |
| ९ | विविध खर्च | रु. ७ लाख ४५ हजार | ९ | रिगिन खोला दोभान खानेपानी मर्मत | रू. २५ हजार | |
| | | | १० | मानिखेल गाउँ खानेपानी मर्मत | रू. २० हजार | |

**वडा नं. ३**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | क्र.स. | संशोधन भई कायम हुने योजनाको नाम | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | प्लाष्टिक टनेल कार्यक्रम | रू. २ लाख ५० हजार | १ | मागमा आधारित कृषि औजार खरिद तथा वितरण | रू. २ लाख ५० हजार | |
| २ | बुद्ध पार्कमा गेट निर्माण | रू. १ लाख | २ | युवा लक्षित सीपमूलक तालिम कार्यक्रम | रू. १ लाख | |

**वडा नं. ४**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | क्र.स. | संशोधन भई कायम हुने योजनाको नाम | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | तरकारी संकलन केन्द्र नकन्डोल | रू. १ लाख ५० हजार | १ | तरकारी संकलन केन्द्र भइटोल | रू. १ लाख ५० हजार | |

**वडा नं. ६**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | क्र.स. | संशोधन भई कायम हुने योजनाको नाम | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | तीज विशेष कार्यक्रम | १ लाख | १ | SEE विद्यार्थीको लागि छात्रावास तथा अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम। | १ लाख | |
| २ | गुमराङ आ.वि. घेरावार | १ लाख | २ | सिलिङ्गेडाँडा मन्दिर कलर बत्ती रेलिङ निर्माण तथा संरक्षण | १ लाख | |

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर ...
अध्यक्ष

**निर्णय नं.२:** मूल्याङ्कन समितिको मिति २०८२।१२।०२ गते बिहान ८:३० र २०८२।१२।०३ गते बिहान ९:३० गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** स्वरोजगारका लागि प्रविधि हस्तान्तरण (अटो सञ्चालन सम्बन्धी) लाई कार्यान्वयन गर्नका लागि ७ दिनको समयावधि तोकी पत्राचार गर्ने । सो समयावधिसम्म सम्झौता बमोजिम काम सुरु नभएको खण्डमा सो शीर्षकको बजेटको सम्झौता वालामार्फत् कार्यान्वयन नगर्ने र सम्झौता समेत तोड्ने निर्णय गरियो ।

**निर्णय नं.४:** दोस्रो चौमासिकको समयावधिसम्म भएको खर्चको विवरण कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भयो (हालसम्म कुल विनियोजनको ३८% खर्च भएको जसमध्ये चालुतर्फ ३५.०४% र पुँजिगततर्फ ४१.२९%) ।

**निर्णय नं.५:** ललितपुर महानगरपालिकाबाट प्राप्त २५ लाख अनुदान धामिखोला गोटिखेल पुल तथा ढलान निर्माण गर्नका लागि पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई शिलबन्दी दरभाउपत्रमार्फत् कार्यान्वयन गर्नका लागि लागत अनुमात तयार गराउन निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** सुशासन तथा संस्थागत विकास समितिमा साविकमा रहेका समिति सदस्यहरु यथावत रही देहाय बमोजिमका सदस्यहरु थप गर्ने निर्णय गरियो ।

**देहाय:**

१. श्री जोनिकुमार न्यासुर, २ नं. वडा अध्यक्ष
२. श्री मन्दिरा तिमल्सिना (घिमिरे), कार्यपालिका सदस्य

**निर्णय नं.७:** आर्थिक विकास समितिको मिति २०८२।०९।२४, २०८२।१०।१४, २०८२।११।२८ मा भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** लेखा समितिको मिति २०८२।१२।०८ गतेको निर्णय र प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** शिक्षा समितिको सदस्यमा देहाय बमोजिमका सदस्यहरु रहने गरी मनोनयन गर्ने निर्णय गरियो ।

**देहाय:**

१. श्री गणेशबहादुर के.सी., अध्यक्ष
२. श्री डोल्मामाया गोले, उपाध्यक्ष
३. श्री सन्दिप न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
४. श्री भुमिनन्द घिमिरे, ५ नं. वडा अध्यक्ष तथा सामाजिक विकास समितिको संयोजक
५. श्री जोनिकुमार न्यासुर, २ नं. वडा अध्यक्ष
६. श्री शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

**निर्णय नं.१०:** मिति २०८२।०९।०७ गतेको निर्णय नं.६ बमोजिम एक्साभेटरको भाडा रु.५,५००/०० (अक्षरेपि पाँच हजार पाँच सय मात्र) मुल्य अभिवृद्धि करसहित प्रतिघण्टाका दरले तेलसहित गाउँपालिकाले श्री मुनलाइट निर्माण सेवा प्रा.ली.सँग भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.११:** जिन्सी एकाइबाट तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरेको मिति २०८२ श्रावण १ गतेदेखि माघ मसान्तसम्मको डिजेल खपत (कुल डिजेल खपत: ३०,३७७.०९ लिटर) को विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१२:** क) ३ नं. वडा परिसरमा खुला जिम स्थापनाका लागि विविध खर्च (कार्यालयतर्फ) बाट (१,९५,०००/००, अक्षरेपि एक लाख पन्चानब्बे हजार मात्र) बेहोर्ने गरी स्रोतको सुनिश्चित गर्ने निर्णय गरियो।

ख) वडा नं. १ का रामप्रसाद तिमल्सिना, वडा नं. ३ का अर्जुनप्रसाद घिमिरे, वडा नं. ३ का प्रल्हाद तिमल्सिना र वडा नं. २ का रामकृष्ण बजगाँईलाई **विपन्न आर्थिक सहायता** शीर्षकबाट जनही रु. २५,०००/०० (अक्षरेपि पच्चिस हजार मात्र) का दरले आर्थिक सहायता गर्ने निर्णय गरियो।

ग) वडा नं. ४ को कालेश्वरमा अवस्थित तामाङ ल्हुङतोग थेगक्षेन छयोईखोर लिङ गुम्बालाई **अन्य संस्था सहायता** शीर्षकबाट रु. १,००,०००/०० (अक्षरेपि एक लाख मात्र) का दरले आर्थिक सहायता गर्ने निर्णय गरियो।

घ) जिल्ला समन्वय समितिमा वडा नं. १ का देहाय बमोजिमका योजनाहरु साझेदारिमा कार्यान्वयनका लागि निर्णय गरियो।

**देहाय:**

१. वडा नं. १ वडा कार्यालय भवन मर्मत, २० लाख

२. श्री सरस्वती आधारभूत विद्यालयको वाल निर्माण, ५ लाख

ङ) यस कार्यालयते विभिन्न मितिमा जारी गरेको सूचना बमोजिम निर्माण कार्यका लागि निर्माण कम्पनी (व्यवसायी) छनोट भई सम्झौता बमोजिम कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीहरुलाई यस गाउँ कार्यपालिकाको विभिन्न समयको निर्णयानुसार कार्य सम्पादन जमानत जफत गरी कारबाही गर्ने निर्णयानुसार रकम जफत गरी बैङ्कबाट निकासा भएको कार्यसम्पादन बापतको रकम र कार्यालयको धरौटी खातामा जम्मा रहेको रिटेन्सन मनि बापतको देहाय बमोजिम धरौटी रकम सदर स्याहा गरी आन्तरिक खातामा जम्मा गर्ने निर्णय गरियो।

**देहाय:**

| क्र.सं. | कम्पनीको नाम | बोलपत्र नं. | कार्यसम्पादन रकम रु. | रिटेन्सन रकम रु. | जम्मा रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | एन्जल कन्स्ट्रक्सन कम्पनी | MRM/W/NCB/1S1E/01/2079/80<br>MRM/W/NCB/1S1E/02/2079/80 | 9,10,076/0<br>9,12,352/0 | 3,81,989/0 | 22,04,417/0 | |
| २ | एफ. एण्ड एफ. इन्जिनियरिङग कन्स्ट्रक्सन प्रा.ली., सुर्खेत | MRM/WORKS/SCHOOLS BUILDING/NCB/04/2080-081 | 9,81,121/35 | 1,40,058/0 | 11,21,179/35 | |

प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर

अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सुबोध कन्स्ट्रक्सन एण्ड सप्लायर्स, भक्तपुर | MRM/WORKS/ROAD/NCB/03/2080-81 | 10,96,840/0 | 34,279/0 | 11,31,119/0 | |
| | | **जम्मा** | 39,00,389/35 | 5,56,326/0 | 44,56,715/35 | |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष